## संघसस्था दर्ता नविकरण संशोधन

| क्र.सं. | कार्यहरु | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | संस्था दर्ता | • संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता हुन रितपुर्वकको आवेदन<br>• प्रस्तावित विधान ३ प्रति<br>• पालीका वा वडाको सिफारिश<br>• तदर्थ/प्रबन्ध समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्र को प्रमाणित प्रतिलिपि<br>• तदर्थ/प्रबन्ध समितिका पदाधिकारीहरुको चालचलन/गतिविधि सम्बन्धि प्रहरी प्रतिवेदन<br>• आवश्यकता अनुसार सम्वद्ध निकायहरुको राय र परामर्श |
| २ | संस्था नविकरण | संस्थादर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको संस्थाले नविकरणको लागि देहाय बमोजिम कागजात सहित निवेदन गरेमा नविकरण गर्ने :<br>• अघिल्लो बर्षको लेखा परीक्षण प्रतिवेदन<br>• पालीका वा वडाको सिफारिश<br>• कर चुक्ता बारेको कर कार्यालयको पत्र<br>• साधारण सभाको माईन्यूटको प्रतिलिपि<br>• संस्थाको वार्षिक प्रतिवेदन आगामी कार्ययोजना<br>• अन्य जिल्लामा काम गरेको भए सो जिल्लाको जि.स.स.को सिफारिश |
| ३ | विधान संशोधन | • विधान संशोधनको लागि साधारण सभामा पेश गर्ने कार्यसमितिको निर्णय प्रतिसाथ संस्थाको प्याडमा निवेदन<br>• संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भई चालु वर्षको लागि नविकरण भईसकेका संस्थाहरुको हकमा साधारण सभाबाट २ तिहाईबाट विधान संशोधनको लागि पारित गरेको माईन्यूटको प्रतिलिपि सहित निवेदन गरेमा विधान संशोधन गर्ने |
| ४ | संस्थाको नाम संशोधन | • संस्थाको नाम संशोधन गर्दा सो संस्थाको दायित्व सम्बन्धमा असर पर्ने हुँदा संस्थाको नाम संशोधन गर्ने कार्य हाल गरिएको छैन |
| ५ | संस्थाको केन्द्रिय कार्यालय सान | • यस जिल्लामा दर्ता भएको संस्थाको केन्द्रिय कार्यालय अन्य जिल्लामा सार्न निवेदन पर्ने गरेकोमा अर्को जिल्लामा शाखा खोल्न सकिने भए पनि केन्द्रिय कार्यालय नै सार्न नमिल्ने हुँदा सोको स्वीकृति दिन नसकिने |
| ६ | संस्थाको शाखा कार्यालय खोल्ने स्विकृति | • कार्यसमितिको निर्णय सहितको निवेदन<br>• संस्थाको नवीकरण गरेको प्रमाणपत्रको फोटोकपी<br>• संस्थाको विधान |